# शुद्धोधन गाउँपालिका
# गाउँ सभाको सचिवालय

## १६ औं अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत

## आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

## शुद्धोधन गाउँकार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

०९ आषाढ, २०८१

# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट वक्तव्य

**गाउँसभा अध्यक्षज्यू,**
**सम्मानित सभाका सदस्यज्यूहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात भएको दोस्रो स्थानीय तहको निर्वाचनमा स्थानीय तहको सार्वभौम जनताले अनुमोदन गरी पठाएको जनप्रतिनिधिको हैसियतमा यस गरिमामय सभामा आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु । यस महत्वपूर्ण अवसरमा लोकतन्त्र, गणतन्त्र र संघीयताको स्थापना गर्नका लागि आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु ।

**सभा अध्यक्ष एवम् उपस्थित सभाका सदस्यज्यूहरू,**

१) **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधारः सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार।" भन्ने नारालाई** सार्थक बनाउन आ.व. २०८१/०८२ को बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, संघीय, प्रादेशिक र स्थानीय कानूनहरू, आवधिक योजना, हामीले जनतासँग गरेका प्रतिबद्धताहरू, दीगो विकासका लक्ष्यहरू, विभिन्न क्षेत्रका व्यक्ति तथा संघ-सस्थाहरूसँग भएका छलफललाई यथोचित रूपमा समावेश गरेको छु । साथै गाउँपालिका भित्रका टोल तथा वस्तिस्तरबाट प्राप्त योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाउन केन्द्रित भएको छु ।

२) विकासका लागि प्रचुर सम्भावना भएको यस शुद्धोधन गाउँपालिकामा विकासका संवाहकको प्रमुख स्रोत उर्वर भूमि र उर्जाशील नागरिक नै हुन् । यहाँ चुनौतीहरू पनि धेरै छन् । चुनौतीलाई अवसरमा बदल्दै अगाडि बढेर मात्र लक्ष्यमा पुग्न सकिने हुँदा त्यस्ता चुनौतीहरूलाई सामना गर्नु नै हामी सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको जिम्मेवारी र कर्तब्य समेत हो ।

**३) शुद्धोधन गाउँपालिकाका मूख्य चुनौती तथा समस्याहरू :**

- तिनाउ र दानव लगायतका नदी खोलाहरूको कटान तथा डुवान ।
- कृषि उत्पादन र पशुपालनलाई बजारीकरण र आधुनिकीकरण गर्न नसक्नु ।
- शिक्षा, स्वास्थ्य, पेशा व्यवसाय तथा बेरोजगारी समस्या ।
- फोहरमैलाको उचित व्यवस्थापन गर्नु नसक्नु ।
- गुणस्तरीय पूर्वाधार विकास गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, सीमित स्रोत साधनबाट जनताका अपेक्षा तथा अवश्यकता पुरा गर्नु नसक्नु ।
- गाउँपालिकाबाट अनुमान गरिएको आन्तरिक आम्दानीको लक्ष्य हासिल गर्न नसक्नु ।
- संघीय तथा लुम्विनी प्रदेश सरकारबाट प्राप्त सिलिङ्ग अनुसार राजश्व बाँडफाड बापतको रकम प्राप्त नहुनु ।
- सिमित श्रोत साधनबाट असिमित माग सम्बोधन हुन नसक्नु ।

**सभाध्यक्षज्यू एवं सभा सदस्यज्यूहरू,**

**४) शुद्धोधन गाउँपालिकाका सम्भावना तथा अवसरहरूः**

- तिनाउ र दानव नदीको तटबन्धन गरी करिडोरको रूपमा विकास गरी आकर्षक बनाउने र यी नदीहरूबाट सिंचाइ सुविधा लिई कृषिलाई व्यवसायीकरण र बजारीकरण गरी आय आर्जन बढाउन सकिने अवस्था छ ।

- दानव र तिनाउ नदीबाट उत्खनन हुने नदीजन्य पदार्थको उपयोगबाट आन्तरिक आय बढाउन सकिने राम्रो सम्भावना छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी चेतना बृद्धि तथा रोजगारीका अवसर बढाउन सकिने अवसर छ।
- टोल विकास संस्थाको सहभागिता र सक्रियतामा फोहर मैलाको उचित व्यवस्थापन गरी पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन सकिने अवस्था छ ।
- प्रभावकारी अनुगमन तथा जनताको उत्साहपूर्ण सहभागिताबाट दीगो, भरपर्दो र गुणस्तरीय विकास गर्न सकिने प्रचुर संभावना छ ।
- जनप्रतिनिधिहरूको सक्रियता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने अवस्था रहेको छ ।
- करको दायरा फराकिलो बनाई आन्तरिक आयको स्रोत वृद्धि गर्न सकिने सम्भावना छ ।
- धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको उचित विकासमार्फत पर्यटकहरू आकर्षण गरी आन्तरिक र वाह्य पर्यटकलाई प्रर्वद्धन गर्ने संभावना रहेको छ ।

**५) शुद्धोधन गाउँपालिकाको आ.व. २०८१/०८२ को बजेटमा दीर्घकालीन सोचसहित निम्न उद्देश्यहरू रहेका छन् ।**

**सोच :**

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधारः सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार।"

**उद्देश्यहरू :**

- व्यवसायिक कृषि पेशा अबलम्वन गर्दै नागरिकलाई आत्मनिर्भरतर्फ उन्मुख बनाउनु ।

- गुणस्तरीय शिक्षामा जोड दिने, स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउदै लैजानु ।
- भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिदै गुणस्तरीय विकास निर्माणमा जोड दिनु ।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्नु ।
- आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्ने तर्फ जोड दिनु ।
- खेलकुदको विकासमा जोड दिनु ।
- विपद् ब्यवस्थापनलाई प्रभावकारी बनाउने साथै वातावरण संरक्षण र स्वच्छ खानेपानी, सरसफाइ सम्बन्धी कार्यक्रम कार्यान्वयनमा जोड दिनु ।
- समावेशी, सन्तुलित तथा संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्नु ।
- राजस्वका दायराहरू फराकिलो बनाउदै आन्तरिक आयका नयाँ क्षेत्र पहिचान गर्नु ।
- सिमित साधन र स्रोतबाट उच्चतम उपलब्धी हाँसिल गर्नु ।
- सार्वजनिक सेवाप्रवाहमा नागरिकहरूको पहुँच विस्तार गर्नु ।
- गाउँपालिकाबाट भएका निर्णय र नीतिहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
- नागरिकहरूको आयस्तरमा वृद्धि गर्न विभिन्न किसिमका सीपमूलक र आयआर्जन तालिम कार्यक्रम संचालन गर्नु ।
- सार्वजनिक खर्चलाई पारदर्शि र कम खर्च हुने व्यवस्था मिलाउनु ।

**६) बजेटका उद्देश्यहरू हासिल गर्न देहाय अनुसार प्राथमिकता निर्धारण गरेको छु :**

- आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

**सम्मानित सभाका सभाध्यज्यू एवं सदस्य महानुभावहरू,**

**८) अब म चालु आ.व. २०८०/०८१ को विद्यमान अवस्थाको बारेमा जानकारी गराउँदछु:**

- आन्तरिक श्रोतबाट केदली कटैया सडक २ किमि तथा मानपकडी कुवारी वभनीडाँडा सडक १.५ किमि कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।
- प्रदेश समपुरक कोषबाट खुनगाँवा मधुवनी हुँदै बुद्ध सर्किट जोड्ने सडक ६०० मि कालोपत्रे सम्पन्न भएको छ ।
- संघीय समपुरक कोषबाट सैनामैना नगरपालिका सिमानादेखि सिकरा हुँदै परौता सडक १.५ किमि कालोपत्रे सम्पन्न भएको छ ।
- स्मार्ट पालिका अन्तरगत इ-सिफारिस तथा न्यायिक मामिला प्रणालीको सबै वडामा आरम्भ भइसकेको छ ।
- यस आ.व.मा कृषि तथा पशुपंक्षी कार्यक्रमतर्फ किसानहरूलाई बेमौसमी तरकारी, घाँस, च्याउलगायतको विउ वितरण गरिएको छ साथै गाउँपालिका

भित्र पशु खोप, भैसी र बाख्रा प्रबर्द्धन, औषधी वितरण, प्राविधिक सेवा प्रदान गर्ने कार्य सम्पन्न भैसकेको अवस्था छ ।

- दानव नदीका विभिन्न ११ वटा घाटहरूको IEE सम्पन्न गरी १० वटा घाटहरूबाट नदीजन्य पदार्थ विक्रीको लागि ठेक्का गरी आन्तरिक आम्दानी बृद्धि गरिएको छ ।
- तिनाउ घाटको नदिजन्य पदार्थ गौरबको आयोजनालाई उपलब्ध गराइएको छ भने दानव नदीका विभिन्न स्थानमा तटबन्ध गर्ने कार्य समेत गरिएको छ ।

- सामुदायिक कुकुर बन्ध्याकरण, कृत्रिम गर्भाधान तथा बाँझोपन निवारण शिविर सम्पन्न गरिएको छ ।
- मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैया अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- किसान सेवा कार्ड वितरण, प्राङ्गारिक मल उत्पादन तालिम सम्पन्न तथा धान पकेट क्षेत्र प्रारम्भ गरिएको छ ।
- समयदेवी आ.वि., बेलवा आ.वि., जनता मा.वि. र गुरौलिया मा.वि.का भवनहरू निर्माण भएका छन् ।
- भुजौली हाटबजार सेड निर्माण भएको छ भने योगा हल निर्माण तथा आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी अभिमुखीकरण भएको छ ।
- रोजगार सेवा केन्द्रबाट साझेदारीमा पि.सि.सी. ढलान कार्य सम्पन्न तथा खानेपानी पाइपलाइन विस्तार लगायतका योजनाबाट हजारौ जनाले प्रत्यक्ष रूपमा लाभ लिएका छन् ।
- स्थानीय पाठ्यक्रम अनुसार कक्षा १ देखि ८ सम्मको हाम्रो शुद्धोधन लेखन कार्य सपन्न भई पाठ्यपुस्तक छपाइको कार्य सम्पन्न गरी वितरणको प्रक्रियामा रहेको छ ।

- शैक्षिक महोत्सव तथा अध्यक्ष कप खेलकुद विकास कार्यक्रम तथा राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता भव्यताका साथ सम्पन्न भएका छन् ।
- वार्षिक शैक्षिक कार्ययोजना २०८१ को निर्माण गरि सम्पूर्ण विद्यालयहरूमा वितरण गरिएको छ ।
- सम्पूर्ण वडाका ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई घरदैलो कार्यक्रम गरी विभिन्न सामग्री वितरण गरिएको छ ।
- प्राप्त निवेदन र उपर्युक्त प्रक्रियाद्वारा अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।
- क्षयरोगमुक्त गाउँपालिका अभियानका कृयाकलापहरू संचालन गर्दै शुन्यहोम डेलिभरी अभियान संचालन गरी ३ वटा वडामा शुन्यहोम डेलिभरी वडा घोषणा गरिसकिएको छ ।
- समुदायस्तरीय पोषण प्रवर्धन अभियान संचालन तथा मानसिक स्वास्थ्य प्रवर्धन सम्बन्धि जनचेतना अभिवृद्धि गरिएको छ ।
- वडागत योजना तथा कार्यक्रमहरू ९०% बढी सम्पन्न भइसकेका छन् ।
- गाउँपालिका स्थापनादेखि हालसम्म विभिन्न ८८ वटा कानुनहरू निर्माण गरिएको छ ।
- गरिबी न्यूनिकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्न स्थानीय विकास कोषतर्फ ५ वटा वडामा ८८ वटा संस्था सञ्चालन गरिएको छ ।
- गाउँपालिकाको प्रतीक चिन्ह {लोगो} पहिलो पटक निर्माण गरी प्रयोगमा ल्याइएको छ ।
- इ हाजिरीको पूर्ण रुपमा प्रयोग तथा स्वतः प्रकाशन पहिलो पटक सार्वजनिक गरिएको छ भने अडियो र भिडियोसहितको नागरिक बडापत्रको व्यवस्था गरिएको छ ।

सभाध्यक्षज्यू,

अब म आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि प्रस्तावित बजेट प्रस्तुत गर्दछु ।

९) आर्थिक वर्ष २०८१।०८२ को कुल बजेट रु ७०,२७,४८०००/- (सत्तरी करोड सत्ताइस लाख अठ्चालिस हजार मात्र) रहेको छ ।

उक्त रकमको स्रोत देहाय बमोजिम प्राप्त हुनेछ :

क. आन्तरिक आय रू.५०००००००/- (पाँच करोड मात्र)
ख. संघीय सरकारबाट प्राप्त रू. ३७९२९१०००/- (सैतिस करोड बयानब्बे लाख एकानब्बे हजार मात्र)
ग. लुम्विनी प्रदेश सरकारबाट प्राप्त रू. २२३३८०००/- (दुई करोड तेइस लाख अठ्तीस हजार मात्र)
घ. संघीय सरकार र लुम्विनी प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापत रु. ९८१३५०००/- (नौ करोड एकासी लाख पैतिस हजार मात्र)
ङ. सामाजिक सुरक्षा भत्ता वापत रू. १२००००००००/- (बाह्र करोड मात्र)
च. अन्य श्रोत तथा अनुमानित मौज्दात रकमबाट रु ३२९४८०००/- (तिन करोड उन्तिस लाख अड्चालिस हजार)

१०) <u>विभिन्न स्रोतहरूबाट प्राप्त बजेटलाई निम्नानुसार विनियोजन गरिएको छ :</u>

१) पूर्वाधारजन्य पूँजिगत खर्च रु ६८१६२०००। (छ करोड एकासी लाख बैसठ्ठी हजार मात्र)

२) वडा कार्यालयगत बजेट रु ७०००००००। (सात करोड मात्र)

३) संघीय सशर्त आयोजना तथा कार्यक्रमतर्फ रु २५९२९१०००। (पच्चीस करोड बयानब्बे लाख एकानब्बे हजार मात्र)

४) प्रदेश सशर्त आयोजना तथा कार्यक्रमतर्फ रु २२३३८०००। (दुई करोड तेइस लाख अठ्तीस हजार मात्र)

५) विषयगत शाखाहरूबाट सञ्चालन हुने कार्यक्रम तथा योजनाका लागि रु ५९९०२०००। (पाँच करोड उनान्सय लाख दुई हजार मात्र)

६) गापा र वडातर्फ चालु खर्च रु. १०३०५५०००। (दश करोड तीस लाख पचपन्न हजार मात्र)

७) सामाजिक सुरक्षा भत्ता वापत रू. १२००००००० । (बाह्र करोड मात्र)

**सभाध्यक्षज्यू,**

११) <u>आ.व. ०८१/०८२ को बजेटका मुख्य मुख्य विशेषताहरू:</u>

- यस गा.पा. अन्तर्गत अति विपन्न, असहाय व्यक्तिहरूलाई असाध्य कडा रोग, मुटु रोग, मृगौलाको रोग, क्यान्सर लगायतका रोगहरूका लागि तोकेको अस्पतालमा उपचारार्थ रहेको अवस्थामा आर्थिक सहायता गर्ने कार्यलाई निरन्तरता गरिएको छ ।
- विपदजन्य प्रकोप पीडितलाई आवश्यक राहत दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

  - गुणस्तरीय भौतिक पूर्वाधार नै समृद्धिको आधार हुनाले पूर्वाधार विकासका क्षेत्रहरू सडक संजालको विस्तार टोल बस्तिसम्म गर्न उल्लेख्य बजेटको व्यवस्था गरिएको छ ।
  - गाउँपालिकाको सडक यातायात गुरुयोजना (Rural Transportation Master Plan RTMP) तयार गरि दीर्घकालीन तथा अल्पकालिन रणनीतिक सडक निर्माण कार्यको वर्गिकरण गरि क्रमश गाउँपालिकास्तरीय रिङ्ग रोड, गाउँपालिका, वडा कार्यालय जोड्ने मेन रोड लगायत अन्य सडकहरूको निर्माणकार्यको लागि प्राथामिकतामा राखि आवश्यक बजेट विनियोजन गरिएको छ ।
  - रणनीतिक सडकहरूमा बजेटको अभाव हुन नदिन संघ, प्रदेश तथा अन्य विकास साझेदारहरूसँग सहकार्य गरि विकास कार्यलाई तिब्रता दिइनेछ ।
- वडाबाट संचालन गरिने वडास्तरीय योजना तथा कार्यक्रम र वडा संचालन सहित प्रत्येक वडालाई रु. एक करोड पाँच लाखका दरले रू. सात करोड पैतिस लाख बजेट ब्यवस्थापन गरिएको छ ।
- लुम्विनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान, पुँजिगत र चालुगत अनुदान गरी जम्मा रू. २२३३८०००/- ( अक्षेरपी दुई करोड तेइस लाख अठ्तीस हजार मात्र) प्रदेश सरकारको कार्यविधि र निर्देशन अनुसार प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- सूचिकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराई लक्षित वर्गमा सामाजिक संरक्षणको प्रत्याभूति गराउन आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।
- शिक्षामा सशर्त अनुदान तर्फ कुल रू. १३३६०००००/- (तेह्र करोड छत्तिस लाख मात्र) बजेट विनियोजन गरिएको छ । जसको सफल कार्यान्वयनबाट शिक्षाको गुणस्तरमा बद्धि भई शिक्षा क्षेत्रका परिसूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा गरिएको छ ।

- संघीय सरकारबाट साझेदारीमा विद्यालय निर्माण गर्न ५५ लाख प्राप्त भएकोले सो को उचित प्रयोग गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र सडक बोर्ड नेपालबाट प्राप्त योजना स्थानीय सरकारसँग साझेदारी गर्न २ करोड बजेट छुट्याइएको छ ।
- मृगौला पिडित लगायत बिरामीलाई मासिक ५ हजारका दरले उपलब्ध गराउने रकम संघीय सरकारबाट रु. ३४ लाख प्राप्त भएको छ ।
- गाउँपालिकाको नामकरण भएको शुद्धोधनका बारेमा ऐतिहासिक दस्तावेज खोज तथा प्रतिमा (शालिक) निर्माण गर्न आवश्यक बजेट छुट्याइएको छ ।
- स्वास्थ्य तर्फको शसर्त अनुदानमा जम्मा रकम रू ४ करोड १५ लाख १२ हजार रुपैयाँ प्राप्त भएकोले सो को समुचित प्रयोग गरिनेछ ।
- १५ बेडको अस्पतालको लागि संघीय सरकारबाट रू. ५ करोड ८ लाख प्राप्त भएको छ ।
- अवकास हुने महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन गर्न बजेट विनियोजन गरेको छु ।
- अत्यावश्यक आकस्मिक निर्माण र मर्मत संभारको लागि आवश्यक पुँजिगत बजेट छुट्याएको छु ।
- सामाजिक सुरक्षा बाहेक ३५% पूँजिगततर्फ र ६५% चालुतर्फ छुट्याइएको छ ।

**सभाध्यक्षज्यू,**

चालु आ.व. को कुल बजेट रू. ७०,२७,४८०००/- (सत्तरी करोड सत्ताइस लाख अठ्चालिस हजार मात्र) बजेटबाट स्थानीय तहको पहिलो प्राथमिकता नागरिकको नजिकको स्थानबाट सेवा प्रवाह गर्नु भएकोले संघीय सरकारको सामाजिक सुरक्षा भत्तातर्फ करिव १२००००००/- (बाह्र करोड मात्र) शिक्षक तथा स्वास्थ्यकर्मीहरूको तलव तथा विषयगत शाखाहरूको बजेट समेत गरी कुल सोह्र

करोड दश लाख चालु खर्चतर्फको रकम स्थानीय तहहरूले कार्यान्वयन गर्ने जिम्मेबारी पाएको कारण पुँजिगत बजेटभन्दा चालु बजेटको आकार बढी हुने गरेको छ ।

**सभाका सदस्यज्यूहरू,**

- यस सम्मानित सभामा पेश भई सभाले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मद्धत पुग्ने गरी बजेट विनियोजन गरिएको छ ।
- राजश्वका दायराहरू (क्षेत्रहरू) खोज्दै फराकिलो बनाएर आन्तरिक आम्दानी बढाउदै लैजान पहल गरिने छ ।
- आगामी आ.व. २०८१।०८२ मा यस गा.पा. अन्तर्गत लिइने कर, शुल्क, दस्तुर, दण्ड जरिवाना लगायतका अन्य करका दरहरूमा केही शीर्षकहरू मात्र न्यायोचित हेरफेर गरी प्राय धेरैजसो करका दर यथावत राखिएको छ ।
- व्ययको विवरण विनियोजन ऐनमा समावेश गरिएको छ ।
- राजस्व तथा करका दरहरूको विस्तृत विवरण आर्थिक ऐनमा समावेश गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता व्यवस्थित र सरल तरिकाले बैंक मार्फत वितरण गर्न बजेटको व्यवस्था गरिएको छ ।
- वडा भेलाबाट माग भई आएका तथा गाउँपालिकाले अति आवश्यक ठानेका योजनाहरूमध्ये स्रोत अभावले सम्बोधन गर्न नसकिएका योजनाहरू थप स्रोत प्राप्त भएमा क्रमशः प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिने छ ।
- गाउँपालिकाबाट आफ्नो स्रोत साधनले नभ्याउने प्रकृतिका योजनाहरू लुम्बिनी प्रदेश सरकार र संघीय सरकार सँग माग गरिनेछ ।
- बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी खुशी र शुखी जनतासहितको समृद्ध शुद्धोधन गाउँपालिका बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नुहुनेछ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सधैभन्दा अझ बढी खटिनु हुनेछ भन्ने अपेक्षा सहित आम शुद्धोधन गाउँपालिका

निवासी नागरिकहरू, राजनीतिक दल, बुद्धिजिवी, समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।

**अन्त्यमा,**

यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पु-याउने कुरामा विश्वास राख्दै वार्षिक बजेट तर्जुमा गर्न सहयोग पु-याउनु हुने गा.पा. अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, बुद्धिजिवी, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदैं बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाउँपालिकालाई शुखी र समृद्ध बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा माग्दछु ।

**धन्यवाद, जय शुद्धोधन !**

०९ आषाढ २०८१

**प्रवक्ता एवम् वडाध्यक्ष**
**केशव प्रसाद अधिकारी**